मिति: २०८२/०४/०५ बाह्रदशी गाउँपालिका बैठक संख्या - ०१

आज मिति २०८२।०४।०५ गते सोमबारका दिन बाह्रदशी गाउँपालिकाका अध्यक्ष श्री देविन्द्र प्रसाद चम्लागाईज्यूको अध्यक्षतामा बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चक्रचकी, झापामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/८३ को प्रथम गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री देविन्द्र प्रसाद चम्लागाई ..........

२. उपाध्यक्ष : श्री शान्ता देवि शिवाकोटी ..........

३. वडा अध्यक्ष : श्री टेक बहादुर सिहं राजवंशी ..........

४. वडा अध्यक्ष : श्री भिम बहादुर कार्की, ..........

५. वडा अध्यक्ष : श्री टंक प्रसाद शाह ..........

६. वडा अध्यक्ष : श्री महताव आलम ..........

७. वडा अध्यक्ष : श्री वीर बहादुर सिंह राजवंशी ..........

८. वडा अध्यक्ष : श्री रत्न प्रकाश योङ्गहाङ्ग ..........

९. वडा अध्यक्ष : श्री मित्रराज भट्टराई ..........

१०. कार्यपालिका सदस्य श्री पंचानन राजवंशी ..........

११. कार्यपालिका सदस्य श्री मन बहादुर राजवंशी ..........

१२. कार्यपालिका सदस्य श्री लक्ष्मी कुमारी निरौला ..........

१३. कार्यपालिका सदस्य श्री तारा थपलिया ..........

१४. कार्यपालिका सदस्य श्री रानी मुर्मु ..........

१५. कार्यपालिका सदस्य श्री पुनम देवी खत्वे ..........

१६. सदस्य सचिव श्री जनार्दन निरौला ..........

अन्य उपस्थिति

१. लेखा अधिकृत (आठौं) – श्री चुडामणी पिमिरे ..........

२. ..........

३. ..........

मिति: २०८२/०४/०५ बाह्रदशी गाउँपालिका बैठक संख्या - ०१

**प्रस्ताव नं १**

जिल्ला दररेट अनुमोदन गरि दररेट विश्लेषण स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं १**

यस प्रस्ताव माथि छलफल गर्दा जिल्ला दररेट निर्धारण समितिको मिति २०८२।०३।३२ गतेको बैठकबाट स्वीकृत भएको झापा जिल्लाको आ.व. २०८२।८३ को जिल्ला दररेटलाई अनुमोदन गरि सोको आधारमा नर्म्स प्रयोग गरी प्राविधिक शाखामार्फत तयार भएको आ.व.२०८२।८३ को लागि निर्माण व्यवसायीमार्फत गराउने कार्यको दररेट विश्लेषण र उपभोक्ता समितिमार्फत गराउने कार्यको दररेट विश्लेषणलाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं २**

आधारभूत अस्पतालको एक्स-रे मेशिन मर्मत सम्भार गर्ने सम्बन्धमा ।

**निर्णय नं २**

यस गाउँपालिका अन्तर्गत सञ्चालित बाह्रदशी आधारभूत अस्पताल राजगढमा प्रयोगमा रहेको एक्स-रे मेशिन समस्याका कारण सञ्चालन हुन नसक्दा लाभग्राहीहरु स्वास्थ्य सुविधाबाट वञ्चित भएको हुँदा उक्त मेशिनको मर्मतसम्भारका लागि यस गाउँपालिकाको आ.व.२०८२/८३ को स्वीकृत कार्यक्रम अन्तर्गत 'स्वास्थ्य संस्थाका लागि आवश्यक औषधी खरिद' शिर्षकबाट आवश्यक रकम भुक्तानी हुने गरी मर्मत कार्य अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

कार्यपालिकाको कार्यालय
चकचकी, झापा
नेपाल

दीवन्द्र प्र... धम्लागाइ
अध्यक्ष